# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपाल र प्रहरी महानिरीक्षकबीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपाल र प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालबीच चैत १७ गते गभर्नरको कार्यकक्षमा भेटवार्ता सम्पन्न भयो । सो अवसरमा बैंकिङ अपराध, सुन तथा विदेशी मुद्राको कारोवारको गैर कानूनी कारोवारलाई नियन्त्रण गर्न दुई संस्थाबीचको सहकार्य र सक्रियतालाई थप सुदृढ र सशक्त बनाउने विषयमा गम्भीर छलफल भएको थियो ।



गभर्नर डा. नेपालले हालैका समयमा रेमिट्यान्सको आप्रवाह न्यून दरले बढेको कारण अनौपचारिक कारोवारमा वृद्धि भएको हो कि भन्ने आशंका बढेको, विद्युतीय कारोबारको माध्यमबाट बैकिङ क्षेत्रमा अपराधका घटना हुने गरेको सन्दर्भमा सोको निराकरणमा नेपाल प्रहरीको सहयोग र सहकार्य आवश्यक रहेको धारणा राख्नु भएको थियो । यी प्रवृत्तिलाई बेलैमा नियन्त्रण नगरेमा अर्थतन्त्रमा नयाँ चुनौती थपिने भएकाले यसका लागि नेपाल प्रहरीबाट अझ सक्रियता अपनाइने छ भन्ने विश्वास सो अवसरमा गभर्नर डा. नेपालले व्यक्त गर्नुभयो । नेपाल प्रहरीबाट विगतदेखि नै निरन्तर रूपमा बैंकिङ्ग क्षेत्रमा हुने अपराधको अनुसन्धान र अपराधीलाई कारवाही गर्नमा भएको प्रयास र सक्रियताको सराहना गर्नुका साथै यो प्रयासलाई थप सशक्त बनाउन दुबै संस्थाका विशेषज्ञसहितको एक कार्यदल गठन गरी अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो ।

सोही अवसरमा डेपुटी गभर्नर गोपालप्रसाद काफ्लेले हाम्रो जस्तो मुलुकमा रेमिट्यान्सको आप्रवाह र विदेशी विनिमय संचितिबीच प्रत्यक्ष सम्बन्ध रहने भएकाले विदेशी मुद्राको अपचलन रोक्न थप प्रयास आवश्यक भएको बताउनु भयो । यसै गरी, डेपुटी गभर्नर महा प्रसाद अधिकारीले बैकिङ क्षेत्रमा हुने अपराध रोक्नमा प्रहरी संगठनको हालसम्मको प्रयास सराहनीय रहेकाले नै नेपाल राष्ट्र बैंक थप आशावादी भएको धारणा राख्दै जालसाजी, सीमापार अपराध, तस्करी र विदेशी मुद्राको अवैध कारोवार नियन्त्रणमा CIB को थप प्रयास आवश्यक रहेको बताउनु भयो ।

प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालले CIB गठनपश्चात् बैंकिङ्ग प्रणालीसँग सम्बन्धित अपराधीहरूलाई कानूनको दायरामा ल्याई दण्डित गर्न उल्लेख्य सफलता प्राप्त भएको धारणा राख्दै आर्थिक अपराध नियन्त्रणका लागि प्रहरी संगठन दृढताका साथ अघि बढिरहेकोले सबै खाले आर्थिक अपराधीहरूलाई कानूनको दायरामा ल्याउन नेपाल राष्ट्र बैंक र प्रहरी संगठनबीच सहकार्य गरी मिलेर अघि बढ्नु पर्ने आवश्यकतामा जोड दिनुभयो ।

**२०७१ चैत १७, मंगलबार** — **गभर्नरको कार्यालय**